# बाल न्यायको प्रबर्द्धनमा

**उमेश कोइराला**

# प्रस्तुतीको रुपरेखा

- बाल न्यायका सैद्धान्तिक आधारहरु
- विद्यमान कानूनी व्यवस्था- संविधान, ऐन नियम
- सरोकारवाला निकायहरु
- बाल न्याय सम्बन्धी केही नवीनतम न्यायिक दृष्टिकोणहरु
- न्यायिक निर्णयहरुबाट परेको प्रभाव
- बाल न्यायको प्रभावकारिताका लागि सुधारका क्षेत्रहरु

# बाल न्यायका सैद्धान्तिक आधारहरु

- बालबालिकाले गल्ती गर्छन्, अपराध गर्दैनन्
- बालबालिकाले आफूले गरेका कामको प्रकृति र परिणाम थाहा पाउँदैनन्
- बालबालिकाबाट भए गरेका कार्यहरु अपराधिक कार्यको परिभाषाभित्र पर्ने भए पनि उनीहरुमा मनसाय तत्व सबल र पूर्ण रुपमा नरहने हुँदा त्यसलाई अपराधका रुपमा हेरिनु हुँदैन ।
- बालबालिकालाई उनीहरुबाट भएको कार्यका लागि सजाय होइन, सच्याउन मात्र सकिन्छ ।
- बालबालिकाबाट हुन जाने कानूनको उल्लंघनलाई फौजदारी कानून अन्तर्गत राखी सजाय गरिँदा उनीहरुभित्र झन् अपराधिक प्रवृत्तिको विकास हुन जान्छ र प्रकारान्तरले उनीहरु भविष्यका गम्भीर अपराधीका रुपमा परिणत हुने सम्भावना झनै प्रबल हुन्छ । .

## क्रमशः ...

**त्यसैले,**

- बाल बालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्छ
- फौजदारी न्यायका मान्य सिद्धान्तहरुको अनुशरण गरिनु पर्छ–दोषी सावित नभएसम्म निर्दोष मान्ने, स्वच्छ सुनुवाइ, कानूनी सहायता,
- विवाद समाधानको बैकल्पिक उपाय भएसम्म मुद्दा नचलाउने, दिशान्तर प्रकृया (वैकल्पिक उपाय वा बाटो अर्थात् नियमित फौजदारी न्यायको पद्धतिको सट्टा अन्य कुनै रुपमा कारबाही चलाउने)
- कारागारमा तथा बयस्क कैदीसँग थुनामा राख्नु हुँदैन,
- कैद सजायलाई अन्तिम उपायको रुपमा लिनुपर्दछ ,
- बालबालिकाको परिचय लगायतका कुराहरुको गोपनीयता कायम गरिनु पर्दछ,
- मुद्दाको कारवाईको सिलसिलामा बाल मैत्री व्यवहार प्रदर्शन गर्नुपर्दछ, सम्मानजनक व्यवहार, पर्याप्त स्याहार संभार, संरक्षकको उपस्थिति र संरक्षकसँग भेटघाटको अवसर प्रत्याभूत गरिनु पर्दछ ।

क्रमशः ...

- फौजदारी न्याय प्रणालीको नवीनतम दृष्टिकोण
- कसूर होइन, गल्ती हो, जुन सामाजिक र वातावरणीय तत्वको उपज
- पीडक होइन, स्वयं पीडित हो भन्ने मान्यता
- दण्डात्मक होइन, पुनर्स्थापना र पुनर्एकीकरण (पुनर्स्थापकीय न्याय)
- अधिकारमा आधारित दृष्टिकोण
- उचित र निष्पक्ष व्यवहार
- कलंकित गर्ने होइन (दाग नलाग्ने- Non Stigma), नयाँ शुरुवातका लागि उत्प्रेरणा
- औपचारिक न्यायिक प्रकृयाले सृजना गर्न सक्ने सम्भावित मानसिक तनाव र अवरोधको न्यूनीकरण
- राज्यको दायित्वः राज्य सबैको संरक्षक
- बालबालिकाको सर्वोत्तम हित ।

# बाल न्यायसँग सम्बन्धित सरोकारवाला निकायहरु

- न्यायपालिका
- व्यवस्थापिका - कानून निर्माण, परिमार्जन
- अनुसन्धान निकाय
- अभियोजन निकाय
- बाल सुधार गृह, सेवा प्रदायक संघ संस्थाहरु, नागरिक समाज (आमा समूह, बाल क्लब, युवा क्लब)
- जिल्ला प्रशासन कार्यालय
- स्थानीय तह (बाल अधिकार समिति)
- सञ्चार माध्यम
- बार एशोसिएसन, प्रतिरक्षी कानून व्यवसायी
- निशुल्क कानूनी सहायता प्रदायक संस्थाहरु
- विभिन्न तहका बाल न्याय समन्वय समितिहरु
- अस्पताल तथा स्वास्थ्य केन्द्रहरु
- घर परिवार

# विद्यमान कानूनी व्यवस्था

- नेपालको संविधानको धारा ३९: बालबालिकाको हक
- बालबालिका सम्बन्धी ऐन, २०४८ र हाल बालबालिका सम्बन्धी ऐन, २०७५
- बालबालिका सम्बन्धी नियमावली, २०५१
- बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६
- **मुलुकी संहिता र सजाय कार्यान्वयन ऐन**
- **मुख्य अन्तर्राष्ट्रिय दस्तावेजः** बाल अधिकार सम्बन्धी महासन्धी, १९८९ (अनुमोदन: १४ सेप्टेम्बर, १९९०)

# बालबाललिकाको हक (धारा ३९, नेपालको संविधान)

- पहिचान तथा जन्मदर्ता र नामाकरणको हक
- पालनपोषण/आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षाको हक
- प्रारम्भिक बाल विकास तथा सहभागिताको हक
- शरीरिक, मानसिक वा अन्य कुनै पनि शोषण विरुद्धको हक
- असहाय, अनाथ, सुस्तमनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक
- जोखिमपूर्ण काममा लगाउन वा सेना प्रहरी तथा द्वन्द्वमा प्रयोग गर्न निषेध
- बाल अनुकुल न्यायको हक

# बालबालिका सम्बन्धी ऐन, २०७५

**प्रस्तावना:** बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्ने

**बालबालिकाका अधिकारहरु:**

- बाँच्न पाउने अधिकार
- नाम राष्ट्रियता र पहिचानको अधिकार
- भेदभाव विरुद्धको अधिकार
- बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार
- संरक्षणको अधिकार
- सहभागिताको अधिकार
- अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार
- संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार
- गोपनियताको अधिकार
- पोषण तथा स्वास्थ्यको अधिकार
- खेलकुद मनोरञ्जन र साँस्कृतिक अधिकार
- शिक्षाको अधिकार

## क्रमशः ...

अन्य महत्वपूर्ण व्यवस्थाहरुः

- **कानूनको विवादमा परेका बालबालिका शब्दको परिभाषा-** कसूरजन्य कार्यको आरोप लागेका बालबालिका, बाल अदालतबाट कसूरजन्य कार्यमा दोषी ठहर भएका बालबालिका ।
- बालबालिकालाई नियन्त्रणमा लिनेः दफा २१
- निगरानी कक्षको स्थापनाः दफा २२
- अनुसन्धान तथा अभियोजन सम्बन्धी विशेष व्यवस्थाः दफा २३
- पूर्पक्ष सम्बन्धी व्यवस्थाः दफा २४
- पीडित बालबालिकाका अधिकारः दफा २५
- सुनुवाईको सिलसिलामा बालबालिकालाई प्राप्त अधिकारः दफा २६
- दिशान्तर (औपचारिक न्यायिक प्रकृया भन्दा बाहिर लैजाने कार्य) सम्बन्धी व्यवस्थाः दफा २७, २८, २९
- सजाय सम्बन्धी व्यवस्थाः दफा ३६

# बल न्याय सम्पादन कार्यविधि नियमावली, २०७६

- साविकमा बाल न्याय कार्यविधि नियमावली, २०६३
- नियम ३- बालबालिका विरुद्ध उजुरी परेमा गोप्य तबरले अनुसन्धान प्रारम्भ गर्नु पर्ने
- नियम ६- निगरानी कक्षमा हुनु पर्ने न्यूनतम सुविधा
- नियम ७- अनुसन्धान गर्दा अवलम्वन गर्नु पर्ने विशेष कार्यविधि
- नियम ८- बालबालिकालाई सोधपुछ गर्दा विचार गर्नु पर्ने कुराहरु
- नियम ९- अनुसन्धान अधिकारी वा सरकारी वकीलले दिशान्तरको निर्णय गर्न पाउने
- नियम १९- बाल अदालतले दिशान्तर गर्न सक्ने
- नियम २९- पुनर्स्थापकीय न्याय सम्बन्धी व्यवस्था
- नियम ३०- केन्द्रीय बाल न्याय समितिको गठन
- नियम ३४- जिल्ला बाल न्याय समितिको गठन
- नियम ४३- प्रोवेशन अधिकारीको बाल न्यायसँग सम्बन्धित काम कर्तव्य र अधिकार

# मुलुकी अपराध संहिता, २०७४

- **दफा १३-** दश वर्ष उमेर नपुगेको बालबालिकाले गरेको कुनै काम कसूर मानिने छैन ।
- **दफा २८-** बालबालिकाबाट गराएको कसूरमा उमेर पुगेकोलाई सजाय हुने ।
- **दफा ४५-** बालबालिकालाई हुने सजाय :
- (१) कानून बमोजिम कसूर ठहरिने कुनै काम गर्ने व्यक्तिको उमेर त्यस्तो काम गर्दाका बखत दश वर्ष पुगेको रहेनछ भने निजलाई कुनै सजाय हुने छैन ।
- (२) दश वर्ष वा दश वर्षभन्दा माथि र चौध वर्षभन्दा कम उमेर भएको व्यक्तिले कानून बमोजिम जरिबाना हुने कुनै कसूर गरेकोमा जरिबाना नगरी निजलाई सम्झाई बुझाई गर्नु पर्नेछ र कैद हुने कसूर गरेकोमा कसूर हेरी छ महिनासम्म कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म सुधार गृहमा राख्न सकिनेछ ।

# मुलुकी अपराध संहिता, २०७४

- (३) चौध वर्ष वा चौध वर्षभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको आधा सजाय हुनेछ ।
- (४) सोह्र वर्ष वा सोह्र वर्षभन्दा माथि र अठार वर्षभन्दा कम उमेरको व्यक्तिले कुनै कसूर गरेमा निजलाई उमेर पुगेको व्यक्तिलाई कानून बमोजिम हुने सजायको दुई तिहाई सजाय हुनेछ ।
- (५) उपदफा (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटके रूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुदैन ।

# फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४

## दफा १६- बालबालिकालाई सजाय गर्दा विचार गर्नु पर्ने कुराहरू :

- निजको सर्वोत्तम हित,
- कसूरको गम्भीरता र दोषको मात्रा,
- निजको व्यक्तिगत परिस्थिति,
- पीडितलाई दिन प्रस्ताव गरिएको क्षतिपूर्ति,
- अपराधप्रतिको पश्चाताप, असल र उपयोगी जीवन जिउने चाहना,
- सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसूर, गम्भीर कसूर वा पटकेरूपमा कसूर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन ।

# बाल न्यायका सम्बन्धमा न्यायिक दृष्टिकोण

**१. संघसंस्था खोल्ने/संगठित हुने अधिकारको प्रत्याभूति–**

**तिलोत्तम पौडेल वि. गृह मन्त्रालय समेत (नेकाप २०५८, पृ. ४२३)**

संविधानको धारा १२(२)(ग) र महासन्धिको धारा १५(१) ले अधिकार प्रदान गरेको तथा बालबालिका सम्बन्धी ऐनले निषेध नगरेको भन्ने आधारमा संगठन खोल्न पाउने अधिकार रहेको भनी व्याख्या भएको । नवलपरासी प्रगतीनगरका बालबालिकाहरुले जागृती बाल क्लब नामक संस्था दर्ताको माग गर्दा १६ बर्ष उमेर नपुगेकाले सक्षम नमानिने भनी जिल्ला प्रशासन कार्यालयबाट जानकारी गराइए उपरको रिट ।

*कानूनले नै संस्था दर्ताका लागि नागरिकता प्रमाणपत्र पेश गर्नुपर्ने व्यवस्था गरेको हुँदा विद्यमान कानूनी व्यवस्थासँग सामञ्जस्य कायम नभएको हो कि ?*

**२. क्रुर अमानवीय व्यवहार, यातना विरुद्धको अधिकार –**

**देवेन्द्र आले समेत वि. प्रधानमन्त्री तथा म.प.का.समेत (सअ बुलेटिन, २०६१)**

संविधानको धारा १४(४), बालबालिका सम्बन्धी ऐनको दफा ७, महासन्धिको धारा २८(२), ३७ समेतले निषेध गरेको अवस्थामा ऐनको दफा ७ को प्रतिबन्धात्मक बाक्यांशमा बाबु, आमा, संरक्षक, शिक्षक समेतले गर्ने सामान्य पिटाईलाई स्वीकार्य मानिएको हुँदा सो प्राबधान बदर घोषित गरिएको ।

**अधिवक्ता राजु चापागाईं वि. प्र.म.तथा म.प.का.समेत (२०६५।७२८)**

मुलुकी ऐन, ज्यान सम्बन्धीको ६(३) मा रक्षा शिक्षाका नाममा कुटपिट गर्ने व्यवस्थालाई बदर घोषित गरिएको ।

**३. सुरक्षा निकायमा नाबालकलाई भर्ना गर्न निषेध –**

**सविन श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय समेत** (२०६२।८।३०)

महासन्धिको धारा ३८ समेतका आधारमा सेनाको केटा (भर्ना तथा सेवा शर्त) नियमहरु, २०२८ तथा प्रहरी केटा भर्ना नियमावली, २०४२ बदर घोषित गरिएको ।

**४. संरक्षकत्व ग्रहणमा आमाको अग्राधिकार स्थापित–**

**विवेक चालिसे वि. सत्यवती चालिसे (नेकाप २०६१)**

**प्रार्थना रायमाझीको हकमा सविता के.सी. वि. रामबहादुर रायमाझी समेत (२०६७।२।३)**

मातृवात्सल्य पाउने बालकको अधिकारको बारेमा उल्लेख गर्दै आमा नै प्राकृतिक र कानूनी संरक्षक हुने व्याख्या गरिएको ।

यस सम्बन्धमा अतुल शाह (ने.का.प. २०६८, अंक ८, पृ. १४१२) र सिद्धिका के.सी. (ने.का.प. २०७०, अंक ३, पृ. ३९३) को मुद्दा पनि सान्दर्भिक हुने ।

**५. जन्म दर्ता तथा नागरिकताको अधिकार –**

**अधिवक्ता टेक ताम्राकार वि. मन्त्रिपरिषद सचिवालय समेत (२०६२।५।३०)**

महासन्धिको धारा ७ समेतका आधारमा वादी समूदायका बालबालिकाको पितृत्वको ठेगान नभएको अवस्थामा समेत जन्मदर्ता गर्न इन्कार नगर्नु, नागरिकता प्रदान गर्न इन्कार नगर्नु भनी परमादेश जारी गरिएको ।

## ६. बालश्रम विरुद्धको अधिकार –

**सोमप्रसाद पनेरु वि.प्र.म.तथा म.प.का. समेत (२०६३।५।२५)**

महासन्धि र अन्तर्राष्ट्रिय मानव अधिकार कानून समेतको विपरित भन्दै सन्धि सिर्जित हक सुरक्षित गर्न घरेलु नोकर सम्बन्धी कानून निर्माण, सचेतना कार्यक्रमको सञ्चालन र सामाजिक सुरक्षा समेतका लागि आवश्यक नीति निर्माण गर्नु भनी निर्देशनात्मक आदेश जारी भएको ।

**७. बाल अदालत/इजलास गठन–**

**अधिवक्ता सन्तोषकुमार महतो वि. प्र.म.तथा म.प.स. समेत (२०६२।८।९)**

ऐनको दफा ५५, महासन्धिको धारा ४०(३) समेतका आधारमा अदालत स्थापनाका लागि सरकारका नाममा निर्देशनात्मक आदेश जारी ।

**८. गोपनियता कायम राख्ने –**

**अधिवक्ता सपना प्रधान मल्ल वि. प्र.म.तथा म.प.का. समेत -नेकाप २०६४, पृ. १२०८)**

पीडित वा प्रतिवादी बालबालिका रहेका मुद्दामा त्यस्ता बालबालिकाको परिचय गोप्य राख्ने सम्बन्धमा आवश्यक कानून बनाउनु भनी निर्देशनात्मक आदेश जारी । त्यस्तो कानून नबनेसम्मका लागि अदालतबाटै निर्देशिका जारी गरिएको ।

**९. मुद्दाको तहकिकात वा पूर्पक्षको निमित्त थुनामा बस्नुपर्ने बालबालिकालाई कारागारको सट्टा सुधार गृहमा राख्नुपर्ने –**

**बब्लु गोडियाको हकमा अधिवक्ता आशिष अधिकारी वि. बाँके जिल्ला अदालत समेत ( २०५७।१२।२)**

डाँका मुद्दाको अभियोग, अ.वं.११८(२) को अवस्था विद्यमान रहेको भनी बाँके जि.अ.बाट भएको आदेश बमोजिम कारागारमा राखिएकोमा ऐनको दफा ४२(२)(क) बमोजिम सुधार गृहमा राख्नुपर्ने भन्ने आधारमा बन्दीप्रत्यक्षीकरणको रिट जारी भएको ।

बाल सुधार गृहको स्थापना गर्ने दायित्व सरकारको भएकाले सञ्चालनमा रहेका बालकल्याण गृह, अनाथालय जस्ता संस्थालाई ती संस्थाका सञ्चालकको अनुमतिले सुधार गृहको रुपमा प्रयोग गर्न सकिने वैकल्पिक उपाय सुझाउँदै थुनामा राख्नुपरेको अवस्थाका बालबालिकालाई त्यस्ता सुधार गृहमा राख्ने व्यवस्था मिलाउनु भनी परमादेश समेत जारी ।

**१०. केशव खड्काको हकमा अधिवक्ता आशिष अधिकारी वि.धनकुटा जिल्ला अदालत समेत (२०५८।१।२८)**

- धनकुटा जिल्ला अदालतको फैसला बमोजिम चोरी मुद्दामा कैद ठेकी कारागारमा राखिएको, वयस्क व्यक्तिसँगै राख्न नमिल्ने भन्ने व्याख्या गर्दै बन्दीप्रत्यक्षीकरणको रिट जारी गरी बालसुधार गृह वा अनाथालयमा राख्न गृह मन्त्रालयका नाउँमा परमादेश समेत जारी,
- निज केशव खड्का १६ वर्ष पुगेको भनी कारागार पठाइएको उपर परेको रिट ( अधिवक्ता आशिष अधिकारीद्वारा दायर) नाबालकलाई जरिवाना वापत २ वर्षमात्र कैद राख्न मिल्ने, सो अबधि व्यतित भैसकेको भनी पुनः बन्दीप्रत्यक्षीकरणको रिट जारी (२०५८।१२।१३)

## ११. पोडे तामाङको हकमा अधिवक्ता आशिष अधिकारी वि. सिन्धुपाल्चोक जिल्ला अदालत समेत (२०५८।४।१०)

- कर्तव्य ज्यान मुद्दाको अभियोग लागेका पोडे तामाङलाई ऐनको दफा ४२(१) बमोजिम बाल सुधार गृहको स्थापना गरी त्यस्तो बाल सुधार गृहमा राखी सोको जानकारी सर्वोच्च अदालतलाई गराउन भनी गृह मन्त्रालयको नाममा परमादेश जारी ।

## १२. बालबालिकाले जरिवाना तिर्न नसकेको कारणले कैदमा राख्न नहुने

- बालबालिकालाई थुनामा वा कैदमा राख्ने कुरालाई अन्तिम विकल्प (Only as a measure of last resort) र न्यूनतम अवधि (For the shortest appropriate period of time) का लागि मात्र प्रयोगमा ल्याउनुपर्ने ।
- बालबालिकाको सर्वोत्तम हितका दृष्टिले हेर्दा जरिवाना तिर्न नसकेको कारणबाट कैदमा राख्नु उपयुक्त नदेखिने । पारिवारिक संरक्षण, सहयोग पाउने अवस्थाका राम्रो आर्थिक हैसियतसमेत भएका बालबालिकाले जरिवानाबापत कैद बस्नु पर्ने स्थिति रहँदैन । तर त्यसप्रकारको अवसर नपाउने अवस्थाका असहाय, कमजोर र विपन्न अवस्थाका बालबालिकाको लागि जरिवाना सजाय पनि अन्ततः कैद सजायमा नै रूपान्तरित हुने अवस्था रहन्छ । सामाजिक र समन्यायिक दृष्टिले यसप्रकारको अवस्था कायम राख्नु उचित हुँदैन । यसबाट अनुचित विभेदको स्थितिसमेत पैदा हुने सम्भावना रहन्छ ।
- यसैले जरिवानाबापत बालबालिकालाई कैदमा राख्ने व्यवस्थामा गम्भीरतापूर्वक पुनरावलोकन गर्नु वाञ्छनीय देखिने ।

***उदयशंकर मण्डल विरुद्ध सुर्खेत जिल्ला अदालत, नेकाप २०७५ अंक १, निनं ९९३०***

**१३. सरोज राईको हकमा कल्याण के.सी. विरुद्ध जिल्ला प्रशासन कार्यालय काठमाण्डौ समेत, २०६६ सालको रीट नं.००२५, फैसला मिति २०६६।६।२६**

- बालबालिका संलग्न भएको मुद्दा बाल अदालत वाहेक अन्य निकायबाट हेर्न नमिल्ने भन्दै बालकमात्र प्रतिवादी भएको अवस्थामा बालबालिकासम्बन्धी ऐन, २०४८ को कानूनी व्यवस्थाबमोजिम उक्त मुद्दाको शुरु कारवाही र किनारा बाल अदालत वा बाल इजलासबाट मात्र हुने हुँदा त्यस्तो सार्वजनिक अपराधको मुद्दा हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुँदैन ।

**१४. ख कुमारी विरुद्ध नेपाल सरकार, ने.का.प. २०६६, अङ्क ४, नि.नं. ८१३५, पृष्ठ ६९०**

- बालबालिकालाई सजाय गर्दा सकेसम्म कम गर्नु पर्छ भन्ने सम्वन्धमा पनि व्याख्या भएको छ । उमेर नपुगेका बालबालिकाको पूर्ण रूपमा शारीरिक एवं मानसिक विकास भइसकेको नहुने र उनीहरूमा वयष्क मानिससरह अपराधिक मनसाय (Mens Rea) का] विकाससमेत नहुने हुँदा उनीहरूलाई वयष्क मानिस सरह सजाय नगरी उनीहरूको शारीरिक र मानसिक अपरिपक्वताउपर विचार गरी उनीहरूको सर्वोत्तम हित (Best Interest) का लागि आवश्यकताअनुसार उन्मुक्ति, छुट वा सुविधा प्रदान गरी तुलनात्मक रूपमा कम सजाय गरिनु पर्दछ .

# जिल्ला अदालतबाट भएका केही प्रतिनिधि निर्णयहरु

१. नेपाल सरकार बिरुद्ध यमन तामाङ्ग भएको मुद्दामा **भक्तपुर जिल्ला अदालतबाट** निज यमन तामाङ बर्ष १३ को भन्ने अभियोग पत्र तथा निजको बयान समेतबाट देखिएको, बाल मनोविज्ञानविद समेतबाट हाल आमाको संरक्षकत्वमा वसी बालकको चालचलनमा सुधार हुँदै गएको भन्ने प्रतिवेदन समेतलाई आधार बनाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(२) ले ६ महिनासम्म कैद सजाय गर्न सक्ने कानूनी व्यवस्था भए पनि प्रति २ महिनामा आरोपित बालकको चालचलन वानी व्यहोरा वारे निजको संरक्षकबाटै प्रतिवेदन लिने गरी हाल प्रतिवादीको सजाय बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) बमोजिम स्थगित राखिदिने भनी ठहर भएको ।

२. **कलबहादुर पुनको जाहेरीले नेपाल सरकार बिरुद्ध संकेत नं. २२५** को मुद्दामा **जाजरकोट जिल्ला अदालतबाट** राष्ट्रिय, अन्तर्राष्ट्रिय कानून, बालन्यायका मान्यता तथा उपलब्ध परिस्थिति, कसूर गर्दाको बालिकाको मनोविज्ञान तथा विज्याईबाट अन्य पीडित हुनु पर्ने अवस्था नदेखिएको स्थिति समेतलाई मध्यनजर गर्दा यी बालिकालाई माथि उल्लिखित व्यवहार गर्दा मिति २०६६।१०।८ देखि एक वर्ष ६ महिना को अवधिको लागि पायक पर्ने विद्यालयमा निजले अनिवार्य अध्ययन गर्नु पर्ने, यस अवधिभर जिल्ला छाडी जानु पर्दा यस अदालतका श्रेस्तेदारको अनुमती लिनु पर्ने तथा तत्पश्चातको अवधिको सजाय कार्यान्वयन नगरी स्थगित राखिदिने तवरबाट कार्यान्वयन गर्ने गरी फैसला भएको ।

## ३. थुनछेकका क्रममा भएको आदेश (सप्तरी जिल्ला अदालत)

तथ्यः

- उमेर पुगे सरह अभियोगपत्र पेश भएको ।
- उमेर यकीन गराउन आदेश हुँदा बालबालिका देखिएको ।
- बाल सुधार गृहमा राख्नी पूर्पक्ष गर्ने आदेश अनुसार पठाउँदा स्थानाभाव भनी जवाफ प्राप्त भएको ।

पहिलेको आदेश कार्यान्वयन नभए पछिको आदेशः

- नेपाल सरकारका लागि बाल सुधार गृहको व्यवस्थापन र सञ्चालन गर्दै आएको **युसेप नेपाल**सँग समन्वय गरी साविक देखि सञ्चालनमा आएका बाल सुधार गृह वा हाल स्थापित अन्य बाल सुधार गृह मध्ये कुन बाल सुधार गृहमा राख्न सकिने अवस्था छ भन्ने सम्बन्धमा बुझी यकिन गराई राख्ने व्यवस्था मिलाउनु ।
- कुन बाल सुधार गृहमा राखिएको हो त्यसको जानकारी बाल इजलासमा गराई त्यसको विवरण मिसिल सामेल गर्नु र जिल्ला प्रहरी कार्यालय सप्तरी मार्फत बालकको बाबु आमालाई समेत जानकारी गराउनु ।
- प्रतिवादी बनाइएका बालकको विवरण गोप्य राख्न गोपनियता कायम गर्ने कार्यलाई तत्काल कार्यान्वयनमा ल्याउनु ।
- साथै अदालतको आदेश अनुसार बाल सुधार गृहमा राख्न पठाइएका बालबालिकालाई स्थानाभाव लगायतका समस्या देखाई फिर्ता पठाउर्ने गरिएको सन्दर्भमा त्यस्तो अवस्थाको अन्त्यका निमित्त केन्द्रीय तहमा पहल हुनु पर्ने देखिँदा यस विषयका वारेमा **बाल न्याय समन्वय समिति**लाई पत्राचार गरी अवगत गराउनु ।

नेपाल सरकार विरुद्ध परिवर्तित नाम क कुमार, मुद्दाः नकबजनी चोरी (०७५–C1–००३५)

# न्यायिक निर्णयहरुबाट परेको प्रभाव

- बाल न्यायको पक्षमा अदालतले नवीनतम विधिशास्त्रको विकास गरेको छ ।
- अदालतको व्याख्या क्रमिक रुपमा उदारतातर्फ उन्मूख हुँदै गएको छ ।
- बाल बालिकाको सर्वोत्तम हीतलाई ध्यानमा राखी आदेश जारी गर्ने प्रवृत्ति बढ्दै गएको छ ।
- न्यायिक दृष्टिकोणमा आएको परिवर्तनसँगै सरोकारवालाहरुमा समेत बालमैत्री दृष्टिकोणको विकास हुन थालेको छ ।
- राज्य संयन्त्रहरु पनि जिम्मेवार हुँदै गएको पाइएको छ ।

# बालन्यायको प्रभावकारिताका लागि सुधारका क्षेत्रहरु

- न्यायिक दृष्टिकोणमा एकरुपता
- अनुसन्धान र अभियोजनमा सुधार, विशिष्टीकरण (छुट्टै इकाई र विशेषज्ञता हासिल गरेको जनशक्ति)
- बाल सुधार गृहको संख्या विस्तार र स्तरोन्नती
- बाल इजलासको प्रभावकारिता, दक्ष र प्रशिक्षित जनशक्ति
- स्रोत, साधनको उपलब्धताः निगरानी कक्ष, मनोपरामर्श, उपचार, बाल मैत्री कक्ष र त्यसको नियमित व्यवस्थापन
- सरोकारवालाहरुको बीचको समन्वय र सहकार्य
- कार्यक्रम सञ्चालनः सचेतना, दिशान्तर (मेलमिलाप, गल्ती महशुस, परामर्श, सामुदायिक सेवा, संरक्षकको जिम्मा, तालिम वा शैक्षिक कार्यक्रममा सहभागी)
- कानूनी सुधार- नियमित प्रकृया
- नीति निर्माण- नियमित प्रकृया
- बालबालिकाको सर्वोत्तम हित यकिन गर्ने विषयको संवेदनशीलता र जटिलता
- बाल न्याय र पीडित न्यायका बीचको सन्तुलन- **पीडक बालक, पीडित बालिका** ?

# कुनै जिज्ञासा ???

# सहभागिता र धैर्यताका लागि
# धन्यवाद